# छायाँनाथ रारा नगरपालिकाको महिला समुह  सञ्चालन कार्यविधि, २०७७

नगर कार्यपालिकाबाट स्वीकृत मिति : २०७७।०९।२४

<u>प्रस्तावनाः</u>

सामुहिक प्रयासबाटमहिलाको हित प्रवर्द्धन गर्न, महिलाको सामाजिक तथा आर्थिक विकास, महिलाको आयआर्जनमा बृद्धि गर्न, महिलाहरुको हक, हितको रक्षा गर्न, राज्य संयन्त्रप्रति महिलाहरुको पँहुच स्थापित गर्न, समग्र महिलाहरुको उत्थान गरी समतामुलक समाजको निर्माण गर्न महिलाहरु मात्र सदस्य रहने गरी एक टोल, एक महिला समुह गठन गरी वडा समितिको अधिनमा रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मर्म अनुरुप स्थानीय सेवाको अधिकतम उपयोग गर्न छायाँनाथरारा नगरपालिकाले यो कार्यविधि बनाएको छ

**१.संक्षिप्त नाम र प्रारम्भ :**

(१) यो कार्यविधिको नाम “छायाँनाथरारा नगरपालिकाको महिला समुह सञ्चालन कार्यविधि” २०७७ रहेको छ ।

(२) कार्यपालिकाबाट स्विकृत  भएको मिति देखि यो कार्यविधि प्रारम्भ हुनेछ ।

**२.“परिभाषा”**विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा ,

(क) “प्रमुख” भन्नाले छायाँनाथरारा नगरपालिकाको प्रमुखलाई जनाउदछ ।

(ख)“वडाअध्यक्ष ”भन्नाले छायाँनाथरारा नगरपालिकाको वडाअध्यक्षलाई जनाउदछ ।

(ग) “प्रमुख प्रशासकिय अधिकृत ” भन्नाले छायाँनाथरारा नगरपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई जनाउदछ ।

(घ) “महिला ” भन्नाले छायाँनाथरारा नगरपालिकाको २० वर्ष उमेर पुरा भएका ६० वर्ष ननाघेका वयस्क एवं विवाहित महिलालाई जनाउँदछ । सोशब्दले एकल महिला समेतलाई जनाउँदछ ।

(ङ) “नगरपालिका ” भन्नाले छायाँनाथरारा नगरपालिकालाई जनाउँदछ ।

(च) “कार्यपालिका” भन्नाले छायाँनाथरारा नगरपालिकाको कार्यपालिकालाई जनाउँदछ ।

**३.उद्देश्यः** महिला समूह सञ्चालनको मुख्य उद्देश्य देहाय बमोजिम रहनेछन् ।

(क) विभिन्न निकायबाट प्रवाह गरीने सेवामा महिलाको पँहुच अभिवृद्धि गर्न ।

(ख) महिलाहरुलाई आफ्ना हक हित र अधिकारका विषयमा जागरुक गराउने ।

(ग) विभिन्न निकायबाट सञ्चालन हुने विकास क्रियाकलापमा महिलाको सहभागिता सुनिश्चित गर्ने ।

(घ) निर्णय प्रक्रियामा महिलालाई समान अवसर र अधिकार प्रदान गर्ने ।

(ङ) महिला समूहलाई वडा समितिको मातहतमा रहने गरी सहभागितामुलक योजना तर्जुमा, अनुगमन तथा मुल्याङ्कनमा सहभागी गराउने ।

(च) सामाजिक विकृती विसङ्गती, कुरीति अन्धविश्वास, लैङ्गिक विभेद, सामाजिक अपहेलना विरुद्ध आवाज उठाउन जागरुक गराउने ।

(छ) महिलाको सामाजिक, सास्कृतिक, आर्थिक, शैक्षिक, लैङ्गिक तथा विविध क्षेत्रमा हुने कमजोर उपस्थितिलाई पुरुषसरह पँहुचयोग्य बनाई समतामुलक समाजको निर्माणमा सहयोग पुऱ्याउने ।

(ज) महिला अधिकारमैत्री नगरपालिकाको रुपमा पहिचान स्थापित गर्ने ।

(झ) महिलामैत्री लक्षित कार्यक्रम तय गर्ने ।

**४.टोल स्तरीय महिला समूह गठनः**

(१) नगरपालिकाको प्रत्येक टोलमा महिला मात्र रहने गरी सात देखि एघार सदस्य सहितको एक महिला समूह गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने महिला समूहमा वडाका जनप्रतिनिधि,तथा वडाबासीहरुको भेलाबाट अध्यक्ष तथा सदस्यहरु रहेको एक महिला समुह सञ्चालन समिति गठन हुनेछ ।

(३) उपदफा (२) बमोजिम गठन हुने महिला समूह सञ्चालन समितिका पदाधिकारीहरुले सहमतिका आधारमा प्रत्येक दुई वर्षमा आफू पदाधिकार रहेको पद हेरफेर गर्न सक्नेछ ।

(४) महिला समूह सञ्चालन समितिले वडा समिति तथा नगरपालिकासँग योजना निर्माण तथा कार्यान्वयन, कार्यक्रम सञ्चालनमा सहजकर्ता तथा समन्वयकारी भूमिका निर्वाह गर्नेछ ।

**५.वडास्तरीय महिला समूह सञ्चालन समिति गठनः**

(१)वडाभित्र प्रत्येक टोलका महिला समूह सञ्चालन समितिको अध्यक्ष रहेको एक वडास्तरीय महिला समूह सञ्चालन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको महिला समूह सञ्चालन समितिमा सहमतिका आधारमा अध्यक्ष तथा सदस्यहरु रहनेछन् ।

(३) उपदफा (१) बमोजिमको समितिको सचिवको रुपमा वडा सचिव रहनेछन् ।

६. **वडास्तरीय महिला समूह सञ्चालन समितिको काम तथा कर्तव्य**

(१) वडास्तरीय महिला समूह सञ्चालन समितिले देहायका कार्य गर्नेछ :

(क) महिलाका सवालहरुका विषयमा वडासमितिलाई आवश्यक सुझाव सल्लाह प्रदान गर्ने,

(ख) महिला हित हुने खालका कार्यक्रम तथा योजनाहरु माग गर्ने तथा विकास निर्माणमा वडा समितिप्रति समन्वयकारी,सहजकारी, भूमिका निर्वाह गर्नेछन् ।

(ग) वडाका प्रत्येक टोलहरुमा रहेका सवालहरु, विकृति,तथा विसङ्गतीका विषयहरुमा घनिभूत छलफल गरी निराकरणका लागि वडासमक्ष सुझाव तथा सल्लाह दिने,

(घ) टोलमा हुने कुनै पनि प्रकारको अपराधिक घटनाका विषयमा सत्य तथा तथ्य सहित वडा तथा सम्वन्धित निकायमा जानकारी गराउने,

(ङ) सभ्य, सुसस्कृत तथा नमुना टोल निर्माणका लागि उपाय खोजि गरी लागू गर्ने,

७. **नगरपालिकास्तरीय महिला समूह सञ्चालन समिति गठनः**

(१) महिलाको आर्थिक, सामाजिक, लैङ्गिक,सास्कृतिक, मनोवैज्ञानिक एवं समग्र क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न एक नगरपालिकास्तरीय महिला समूह सञ्चालन समिति गठन गरीनेछ । जसमा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन् ।

(क) नगरपालिका प्रमुखले तोकेको कार्यपालिका सदस्यमध्य एक जना महिलाः अध्यक्ष

(ख) वडास्तरीय महिला समूह सञ्चालन समितिका अध्यक्षः सदस्य

(ग) स्थानीय सहकारीका महिला एक जना : सदस्य

(घ) माध्यामिक तहका महिला शिक्षक एक जना : सदस्य

(ङ) गैरसरकारी संस्थाका महिला प्रतिनिधि एक जना : सदस्य

(च) विभिन्न राजनितिक दलको प्रतिनिधित्व गर्ने प्रतिनिधि दुई जनाः सदस्य

(छ) महिला विकास शाखा प्रमुखः सदस्य - सचिव

८.**नगरपालिकास्तरीय महिला समूह सञ्चालन समितिको काम र कर्तव्यः**

नगरपालिकामा गठन हुने महिला समूह सञ्चालन समितिले देहायका कार्यहरु गर्नेछन् :

(क) महिला अधिकार, महिलाका विविध सवालहरुका विषयमा उचित नीति तथा रणनीति तय गर्न नगरपालिकालाई सुझाव तथा सल्लाह दिने,

महिला समूह सञ्चालन कार्यविधि २०७७

(ख) नमुना टोलस्तरीय महिला समूह पहिचान गरी पुरस्कृत गर्नका लागि नगरपालिकालाई सिफारिस गर्ने,

(ग) महिलाहरुमा सचेतना वृद्धि गर्न आवश्यक पर्ने कार्यक्रम तथा योजना तय गरी नगरपालिकालाई सिफारीस गर्ने,

(घ) महिलालाई सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको सुनिश्चितता गर्न नगरपालिकालाई आवश्यक सुझाव सल्लाह दिने ,

(ङ) महिला विरुद्ध धार्मिक, सामाजिक, सास्कृतिक परम्परा, प्रचलन वा कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानीक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण विरुद्ध आवश्यक पहल गर्ने ,

(च) महिला अधिकारमैत्री नगरपालिका निर्माणमा आवश्यक पहल गर्ने,

(छ) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्न पहल गर्ने,

**९महिला समूह सूचिकृत हुनुपर्नेः**

(१) प्रत्येक टोलमा गठन हुने महिला समूह नगरपालिकाको महिला शाखामा सुचिकृत हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचिकृत हुनको लागि महिला समूहले वडाको सिफारीस सहित पेश गर्ने निवेदनको ढाँचा अनुसूची -१ बमोजिम हुनेछ ।

(३) महिला समूह सञ्चालन समितिबाट निर्णय भई दर्ताको लागि निवेदन पेश गरेमा नगरपालिकाले अनुसूचि -२ बमोजिम महिला समूह दर्ता प्रमाणपत्र प्रदान गर्नुपर्नेछ ।

(४) कुनै महिला समूहले यस कार्यविधिको उद्देश्य विपरित कार्य गरेमा वा प्रचलित कानुन बमोजिम गर्न नहुने कार्य गरेमा नगरपालिकाले जुनसुकै बखत त्यस्तो समूह खारेज गर्न सक्नेछ । दर्ता खारेज भएपछि सो स्थानमा नँया महिला समूह गठन हुनेछ ।

**१०. एक टोल एक महिला समूह हुने :**

प्रत्येक टोलमा एक भन्दा बढी महिला समूह रहने छैनन् ।

**११. पुरस्कृत गर्नेः**

उत्कृष्ट कार्य गरी नमुनाको रुपमा विकास हुने महिला समूहलाई नगरपालिकाले उपयुक्त अवसरमा पुरस्कृत गर्न सक्नेछ ।

**१२. महिला समूहको कामः**

टोलमा गठन हुने महिला समूहले देहाय बमोजिमको कार्य गर्नेछन् ।

(क) सरकारी तथा गैरसरकारी संस्थाहरुसँगको सुमधुर सम्वन्ध स्थापित गरी महिला समूहको उत्थानमा सहजीकरण गर्ने,

(ख) नगरपालिका तथा वडाबाट सञ्चालित योजनामा सक्रिय सहभागिता जनाउने ।

(ग) एच.आई.भि.,अन्धविश्वास, कुरीति, रजस्वला हुँदा अछुत हुने प्रथा, बाल विवाह, बहुविवाह, जस्ता समाजिक समस्या, विकृती, विसङ्गतीको पहिचान गरी सुधारका प्रयासहरु गर्ने,

(घ) धुम्रपान तथा मद्यपान निषेध गर्ने, जुवातास, कौडा लगायतका खेलकुदहरु बन्द गरी नमुना गाँउको रुपमा स्थापित गर्दै लैजाने ।

(ङ) टोलमा महिला सचेतनामुलक कार्यक्रम सञ्चालन गरी सभ्य, सुसस्कृत टोल समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने,

(च) समानतामा आधारीत पहुच, समतामुलक समाज निर्माणमा जोड दिई महिला अधिकारका विषयहरुप्रति सचेत एवं चनाखो हुने,

(छ) होमस्टेको सुरुवात गरी आफ्नो रितिरिवाज, संस्कृतीको प्रदर्शनमार्फत आन्तरीक तथा बाह्य पर्यटन प्रर्वद्धनमा सहयोग पुऱ्याउने,

**१३. नाम जुराउनुपर्नेः**

(१)यस कार्यविधि बमोजिम गठन हुने टोलस्तरीय महिला समूहको नाम सोही महिला समूहको निर्णय अनुसार जुराउनुपर्नेछ ।

(२)उपदफा (१) बमोजिम जुराइएको महिला समूहको नाम नगरपालिकाको महिला शाखामा दर्ता गर्ने क्रममा दर्ता भईसकेका अन्य महिला समूहको नामसँग बाझिएमा वा एउटै पर्न गएमा दर्ता हुन आएको नँया महिला समूहले पुनः निर्णय गरी एउटै नाम नपर्ने गरी अर्को नाम जुराई दर्ता गराउनुपर्नेछ ।

**१४.विविधः**

(१)यो कार्यविधि प्रचलित संघ, प्रदेश तथा छायाँनाथरारा नगरपालिकाले बनाएको कानुन सँग बाझिएमा बाझिएको हदसम्म बाझिएका बुँदाहरु स्वतः खारेज हुनेछन् ।

(२)यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा नगरपालिकाको कार्यपालिकाको निर्णय अनुसार अध्यक्षबाट बाधा अड्काउ फुकाउ गरिनेछ ।

अनुसूची-१
(दफा ९ को उपदफा २ सँग सम्वन्धित)
महिला समूहलाई नगरपालिकामा दर्ता गर्ने निवेदनको ढाँचा

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू,
छायाँनाथरारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
गमगढी, मुगु

विषयः महिला समुह दर्ता गरि पाउँ ।

महोदय,
प्रस्तुत विषयमा यस छायाँनाथरारा नगरपालिका वडा नं................को......................................टोलमा गठन गरिएको तपसिल बमोजिम पदाधिकारीहरु रहेको........................... महिला समूहलाई यस नगरपालिका कार्यालयमा दर्ता/सूचिकृत गरी महिला समूह प्रमाण उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

तपसिल

| सि.न. | नाम | पद | सम्पर्क नं. | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(नोटः महिला समूह दर्ता गर्न आवश्यक कागजातहरुः भेलाको निर्णय, वडा सिफारीस, महिला समूहलाई नगरपालिकामा दर्ता गर्ने निवेदन)

निवेदकः
अध्यक्षको नामः
महिला समूहको नाम
ठेगानाः

महिला समूह सञ्चालन कार्यविधि २०७७

अनुसूची २
(दफा ९ को उपदफा ३ सँग सम्वन्धित)
महिला समूहको दर्ता प्रमाणपत्रको ढाँचा

छायाँनाथ रारा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गमगढी, मुगु

दर्ता नं.
मितिः

<u>प्रमाणपत्र</u>

छायाँनाथ रारा नगरपालिका वडा नं.........स्थित.............. टोलमा गठन भएको .............महिला समूहलाई यस कार्यालयमा मिति............ मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ । यस नगरपालिकाका महिलाहरुको हित प्रर्वद्धन गर्ने, महिला शसक्तिकरण गर्ने, विकास निमार्णमा महिलाको सहभागिता गराउने, सामाजिक विकृति, विसङ्गतीका विरुद्ध आवाज उठाउने तथा महिलालाई सक्रिय र जागरुक गराउने पक्षमा यस महिला समूहको उल्लेखनीय भूमिका हुने अपेक्षाका साथ उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछु ।

आज्ञाले
(बद्री प्रसाद शर्मा वाग्ले)
प्रमुख प्रशासकिय अधिकृत

महिला समूह कार्यविधि २०७७

महिला समूह सञ्चालन कार्यविधि २०७७